



# स्थानीय पाठ्यक्रम



# स्थानीय पाठ्यक्रम के हो ?

- स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा यथासक्य कम लागतमा तयार पारिएको पाठ्यक्रम, जसले त्यस समाजका आवश्यकतालाई सम्बोधन गर्छ।
- स्थानीय ज्ञान, सीप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रम जसले स्थानीयतालाई जोड दिन्छ।
- सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ, सिकाईलाई स्थायी र व्यावहारिक बनाउछ।
- प्रयोगात्मक, व्यवहारिक र कार्यमूलक पाठ्यक्रम
- स्थानीय विषयमार्फत काम गर्ने बानी विकास, आत्मनिर्भरता कार्यमूलक र उत्पादनमूलक सिकाइ हुने पाठ्यक्रम

## क्रमशः



- स्थानीय तहमा निर्मित पाठ्यक्रम
- विकेन्द्रीत पाठ्यक्रम
- शिक्षकको प्रत्यक्ष सहभागितामा निर्मित पाठ्यक्रम
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम
- स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम
- स्थानीय अभिभावक र विज्ञको सहभागितामा निर्मित पाठ्यक्रम
- जसले विकास गरेको हो उनीहरुबाट नै कार्यान्वयन हुने पाठ्यक्रम
- स्थानीय स्रोत साधनमा आधारित पाठ्यक्रम
- स्थानीय समुदायमा आधारित पाठ्यक्रम

# ऐतिहासिक पृष्ठभूमि

- परम्परादेखि चलिआएको पारिवारिक शिक्षा : जेष्ठ सदस्यले कनिष्ठ सदस्यलाई पेसागत ज्ञान, सिप र पारिवारिक मूल्य मान्यता एवम् चालचलन सिकाउने ।
- वि.सं. २०२८ मा देशभरि शिक्षा पद्धतिलाई एकरूपता कायम गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुअघि स्थानीय स्तरमा नै विकसित र स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम शिक्षण गर्ने गरेको
- वि. सं. २०२८ पछि केन्द्रीय पाठ्यक्रम लागू भए पनि विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधान ।

# क्रमशः

- नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको हो । उक्त पाठ्यक्रममा साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी अध्यापन गराउने व्यवस्था गरेको थियो ।
- २०६२ मा उक्त पाठ्यक्रम परिमार्जन भई पहिलेको मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दि“दै पाठ्यभार वृद्धि गरी साप्ताहिक ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २० प्रतिशत भार स्थानीय अंशको रूपमा राख्ने व्यवस्था गरियो ।

# विध्यमान अवस्थाको सङ्क्षेपीकरण

| तह | विषय | पूर्णाङ्क |
|---|---|---|
| आधारभूत तह (कक्षा, १-५) | सामाजिक, शारीरिक र सिर्जनात्मक कला | मूल विषयबाट २०% अंश स्थानीय पाठ्यक्रम पढाउनु पर्ने । |
| आधारभूत तह (कक्षा, १-५) | मातृभाषा वा स्थानीय विषय | १०० % |
| आधारभूत तह (कक्षा, ६-८) | मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य | १००% |

# किन स्थानीय पाठ्यक्रम : सैद्धान्तिक मान्यता



- शैक्षिक विकेन्द्रीकरण
- पाठ्यक्रमको स्थानीयकरण
- पाठ्यक्रम जसको लागि बनाइने हो उनीहरूको संलग्नता र सहभागिता
- पाठ्यक्रमबाट उत्पादित जनशक्तिको असर तथा प्रभाव जजसलाई पर्छ पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियामा तिनीहरूको सहभागिता आवश्यक छ भन्ने मान्यता
- Think Globally, Act locally भन्ने मान्यतामा आधारित

# क्रमश...

- सामाजिक विभिन्नताअनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहान गर्न,
- व्यक्ति/समूह/समाजको आवश्यकता बुझी तिनलाई पूरा गर्न,
- स्थानिय महत्वपूर्ण चाडपर्व, स्थान विशेष कला कौशल, व्यवसाय, घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र सम्बर्द्धन गर्न,
- पाठ्यक्रमलाई बढी उपयोगी, सान्दर्भिक र आवश्यकतामुखी बनाउन,
- स्थानीय तहका सरोकारवालाहरु र संस्थाको सक्षमता अभिबृद्धि गर्न ।

# स्थानीय पाठ्यक्रमको विशेषता

- Local Need
- Local Content
- Local Participation
- Local Knowledge/Skills/ Experts
- Local Materials



# स्थानीय पाठ्यक्रम हुनको लागि नभइ नहुने ३ तत्व

**स्थानीय पाठ्यक्रम**

१. स्थानीय आवश्यकता

२. स्थानीय विषयवस्तु

३. स्थानीय सहभागिता र विज्ञता



# कानुनी आधार

| क्र.सं. | राज्यको संरचना | अधिकार क्षेत्र |
|---|---|---|
| १. | सङ्घको अधिकार क्षेत्र (अनुसूची ५) | केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय |
| २ | प्रदेशको अधिकार क्षेत्र (अनुसूची ६) | प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्रहालय |
| ३ | स्थानीय तहको अधिकार क्षेत्र अनुसूची ८) | आधारभूत तथा माध्यमिक शिक्षा |
| ४. | सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र (अनुसूची ९) | शिक्षा, खेलकुद र पत्रपत्रिका |

**नेपाल सरकार, कार्यसम्पादन विस्तृतीकरण, २०७४**

**स्थानीय तह**

**अनुसूची ९ (२) बाट**

२. स्थानीय शैक्षिक ज्ञान, सिप र प्रविधि संरक्षण, प्रवर्धन र स्तरीकरण

# हाल नेपालमा स्थानीय पाठ्यक्रमको अभ्यास

| | |
|---|---|
| कपिलवस्तु | १. तरकारी खेती (स्थानीय विषय),२. धार्मिक तथा ऐतिहासिक स्थल (सा.अ.) ३. परालबाट बन्ने सामाग्री ( सिर्जनात्मक कला),४. स्थानीय खेल (शारीरिक शिक्षा) |
| खोटाङ | १.हलेसी महादेव |
| जुम्ला | १.स्याउ खेती |
| डोल्पा | १.यार्सागुम्वा |
| धनकुटा | १.तरकारी खेती (स्थानीय विषय), २.स्थानीय खेल ( शारीरिक शिक्षा), ३.वन (सामाजिक अध्ययन) |
| धादिङ | १. तरकारी खेती (स्थानीय विषय), २.फलफूल खेती (सामाजिक अध्ययन) |

# हाल नेपालमा स्थानीय पाठ्यक्रमको अभ्यास

| | |
|---|---|
| रसुवा | १.आलुखेती, संरक्षण क्षेत्र |
| सिन्धुली | १.हायु भाषा पाठ्यक्रम |
| चितवन | १.पर्यावरणीय शिक्षा |
| डडेल्धुरा | १.विपद् व्यवस्थापन<br>२.करेसावारी |
| ललितपुर | १.पर्यटन |
| हुम्ला | १.जडिबुटी खेती |
| पर्वत | १. फलफूल खेती (सामाजिक अध्ययन) |

# स्थानीय पाठ्यक्रमको ढाँचा

१. परिचय :

२. तहगत उद्देश्य/सक्षमता :

३. विषयवस्तुको क्षेत्र र क्रम :

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | | | | | |

४. विषयवस्तुको विस्तृतीकरण :

कक्षा:

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्य भार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

५. सिकाइ सहजीकरण प्रक्रिया :

६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया :

# स्थानीय पाठ्यक्रम विकासका चरणहरु

(क) आवश्यकता पहिचान

(ख) उद्देश्य निर्धारण

(ग) कक्षागत सिकाइउपलब्धि निर्धारण

(घ) विषयवस्तु छनोट

(ङ) शिक्षण प्रक्रिया (क्रियाकलाप र विधि)

(च) विद्यार्थी मूल्याङ्कन

(छ) समय निर्धारण

# १. आवश्यकता पहिचान

- केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषय क्षेत्र र स्थानीय आवश्यकताका नभई नहुने विषय क्षेत्र तथा विषयवस्तु पहिचान गर्नका लागि उपलब्ध भएसम्म पाठ्यक्रमविद्, सम्बन्धित क्षेत्रका अभिभावक, समाजसेवी, विभिन्न पेसामा संलग्न व्यक्तिहरू, शिक्षक, विद्यार्थी, पूर्व विद्यार्थी, सामाजिक कार्यकर्ता, राजनीतिक व्यक्तिहरू, महिला, अपाङ्ग आदि सबैबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सुझाव सङ्कलन गर्नुपर्दछ ।

# क्रमश:

- सुझाव सङ्कलन गरिसकेपछि प्राप्त सुझावहरूलाई विभिन्न विषय क्षेत्रमा वर्गीकरण गर्नुपर्दछ । त्यसमा समूहगत रूपमा छलफल गर्नुपर्दछ र सबैभन्दा बढीले चाहेको र स्थानीय आवश्यकताको विषय क्षेत्रहरू छनोट गर्नुपर्दछ ।
- स्थानीय विषयलाई छुट्याइएको समयको परिधिभित्र रही तहगत र कक्षागत रूपमा राखिने विषयवस्तुहरूको टुङ्गो लगाउनुपर्दछ ।
- विषयवस्तुको छनोट गर्दा सिकारुको सिकाइको गति तथा आवश्यकतालाई विशेष ध्यान दिनुपर्छ

# २. उद्देश्य निर्धारण

- उद्देश्यहरू क:ब्च्त ९क्अष्भलतषष्अ, :भबकगचबदभि, ब्अजष्भखबदभि, च्भष्बिदभिरच्भकगाति यचष्भलतभम बलम त्ष्भ दयलम० बनाउने प्रयास गर्नुपर्दछ ।
- उद्देश्य निर्धारण गर्दा : विद्यार्थीको उमेर, बालमनोविज्ञान, बालबालिकाको सिकाइस्तर, कक्षा तथा तह, विषयवस्तुको प्रकृति, स्रोत र साधन आदिमा ध्यान दिनुपर्छ ।

# ३. कक्षागत सिकाइ उपलब्धि  निर्धारण

- कुन विषयवस्तु  कति गहिराइमा दिनु उपयुक्त हुन्छ भन्ने ख्याल गरी कक्षागत सिकाइ उपलब्धि तय गरिनु पर्छ ।
- सकेसम्म विशिष्ट खालका क्रियापद प्रयोग गर्नुपर्छ ।
- स्थानीय स्तरका विषयवस्तुसँग सम्बन्धित र व्यावहारिक हुनुपर्छ ।
- विद्यार्थीको उमेर, ज्ञानको अवस्था भाषिक स्तर स्थानीय परिवेश बालमनोविज्ञान विषयवस्तुको गहिराइ जस्ता कुरालाइ ख्याल गर्ने ।
- छुट्टै वा पाठ्यक्रम विस्तृतिकरण गर्दा त्यसैमा समेट्न सकिने ।

# ४. विषयवस्तुको छनोट र संगठन

## (अ) व्यावसायिक क्षेत्र

- **कृषि :** विभिन्न अन्नबालीहरू, चिया, सनपाट, उखु, कफी, अलैंची,फलफूल खेती (सुन्तला, स्याउ, भुइकटर, आँप, कटहर, लिची आदि) तरकारी खेती (काउली, मुला, साग, गोलभैंडा, सिमी, फर्सी, बैगुन (भान्टा), रामतोरिया, बन्दा, आलु, स्कस, तरुल, अदुवा आदि)
- **पंक्षी तथा पशुपालन :** कुखुरा, हाँस, बाख्रा, भैंसी, गाई, भेडा, च्याङ्ग्रा, चौंरी आदि ।
- **उद्योग :** घरेलु तथा कुटीर उद्योगहरू (ढाका, करुवा, खुकरी, डोको, डालो, सुकुल, गुन्द्री, मान्द्रो आदि बनाउने, घरेलु कपडा बनाउने, राडीपाखी, गलैंचा बनाउने, मैन बत्ती बनाउने, सिन्के धूप बनाउने, डकर्मी, सिकर्मीलाई तालिम) मझौला तथा ठूला उद्योगहरू आदि ।
- **पर्यटन** : पर्यटन स्थलहरूको विकास, टुरिस्ट गाइड तालिम, होटल व्यवस्थापन ट्रेकिङ, पर्वतारोहण, राफ्टिङ आदि ।

क्रमशः

- **व्यापार**ः स्थानीय स्तरमा उत्पादित सामानहरूको व्यापार ।

- **अन्य आर्यआर्जनका क्षेत्रहरू** : जडीबुटी सङ्कलन तथा प्रशोधन, वैदेशिक रोजगारसम्बन्धी जानकारी र सीप विकास, कम्प्युटर तालिम, ड्राइभिङ, इलेक्ट्रोनिक्स, प्लम्बर, अटोवर्कसप, रेडियो, टिभी, मोबाइल सेट मर्मत आदि

## (आ) अन्य क्षेत्र

- **भौगोलिक :** स्थानीय परिवेशको धरातलीय स्वरूप, हावापानी, मौसम आदि ।
- **प्राकतिक :** स्थानीय परिवेशको वनजङ्गल रूखबिरुवा, खोला, नदी, ताल, पोखरी, जडीबुटी, जीवजन्तु, राष्ट्रिय निकुञ्ज आदि ।
- **सांस्कृतिक :** स्थानीय चाडपर्व, वेषभूषा, रहनसहन, मेलापर्व, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सव आदि ।
- **ऐतिहासिक** : ऐतिहासिक स्थलहरू, वस्तुहरू, ऐतिहासिक व्यक्तित्वहरू, प्राचीन स्मारकहरू, स्थानीय समुदायको इतिहास, ऐतिहासिक ग्रन्थ आदि ।

क्रमशः

- **पुरातात्विक :** मठमन्दिर, पाटीपौवा, चैत्य, स्तूप, विहार, पुराना दरबार, शिलालेख, ताम्रपत्र आदि ।
- **धार्मिक :** स्थानीय स्तरमा मनाइने विभिन्न धर्महरू, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थल आदि ।
- **जातजाति :** स्थानीय समुदायका आदिबासी, जनजाति, लोपोन्मुख जाति, दलित तथा पिछडिएका जाति र उनीहरूको रहनसहन, संस्कार आदि ।
- **भाषाभाषी :** स्थानीय स्तरमा बोलिने भाषाभाषी र तिनीहरूको संरक्षण आदि ।

- **सामाजिक सङ्घसंस्था** : स्थानीय स्तरका क्लब, सरकारी तथा गैरसरकारी एवम् समुदायमा आधारित सङ्घसंस्थाहरू आदि ।
- **राजनीतिक :** स्थानीय तहको संरचना (गाउँ पालिका, नगरपालिका, जिल्ला सभा, स्थानीयस्तरका राजनीतिक दलहरू आदि ।)
- **शैक्षिक** : स्थानीय स्तरका विद्यालय, क्याम्पस, साहित्य, पत्रपत्रिका, साक्षरता कार्यक्रम, शैक्षिक जागरण र चेतनासम्बन्धी कार्यक्रम आदि ।
- **स्वास्थ्य र सरसफाइ** : फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, ढल निकास, अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक उपचार, सामुदायिक स्वास्थ्य आदि ।
- **वातावरण** : भूक्षय, वृक्षरोपण, प्राकृतिक प्रकोप, वनजङ्गल संरक्षण आदि ।
- **यातायात** : ट्राफिक नियम, बाटोघाटोको निर्माण तथा संरक्षण, यातायातका साधनहरू आदि ।

# विषयवस्तुको छनोट गर्ने प्रक्रिया

- विद्यालयको स्रोत र साधनलाइ ध्यान दिएर विद्यार्थीको चाहना र आवश्यकताका एकभन्दा बढी विषयक्षेत्र पनि छनोट गर्न सकिन्छ ।
- एकभन्दा बढी विषयक्षेत्र एउटा विद्यालयमा पठनपाठन गर्न सम्भव नभएमा त्यस समुदायले सबैभन्दा बढी आवश्यकता ठानेका विषयक्षेत्रको छनोट गरी त्यसैबाट विषयवस्तुको चयन गर्नुपर्दछ ।
- विषयक्षेत्रको चयन गर्ने क्रममा व्यावसायिक, अर्धव्यावसायिक, व्यावसायोन्मुख, गैरव्यावसायिक कस्तो छनोट गर्ने हो सोको आवश्यकता र स्रोत साधनका आधारमा व्यापक छलफल गर्नु पर्दछ ।

# पाठ्यक्रममा विषयवस्तु समावेश गर्दा ध्यान दिनुपर्ने पक्षहरु

- एउटै मूल विषयवस्तु एकभन्दा बढी कक्षामा राख्नुपर्ने अवस्थामा विषयवस्तु तय गर्दा कक्षागत रुपमा सुरुमा सामान्य र बिस्तारै माथिल्लो कक्षामा विशिष्टीकृत गरेर राख्ने
- एउटै विषयमात्र एउटा तहको सबै कक्षामा राख्नै पर्छ भन्ने छैन ।
- सामान्य खालका विषयवस्तु भए एउटै कक्षामा पुगिने गरी कक्षापिच्छे फरक फरक राख्न सकिन्छ ।
- विषयवस्तु कक्षाको कठिनाइ स्तर अनुसार राख्दा विषयवस्तुको क्षेत्र र क्रम तयार पारेर राख्नुपर्छ ।

# ५. शिक्षण प्रक्रिया निर्धारण

- सिकाइ सहजीकरण
- कक्षाकोठाभित्र र बाहिर गरिने सिकाइ क्रियाकलाप
- व्यक्तिगत तथा समूहमा गरिने सिकाइ क्रियाकलाप
- पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य/सक्षमता /सिकाइ उपलब्धि पूरा गर्न गरिने क्रियाकलाप
- विद्यार्थीमा ज्ञान, सीप, अभिवृत्ति विकास गर्न गरिने क्रियाकलाप
- शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबीच हुने अन्तरक्रिया
- सिकाइको लागि प्रयोग गरिने विभिन्न विधि तथा तरिका
- सिकाइका लागि गरिने परियोजना कार्य, कार्यात्मक अनुसन्धान, अध्ययन भ्रमण, छलफल, प्रश्नोत्तर आदि

## स्थानीय पाठ्यक्रममा शिक्षण विधि र प्रक्रिया (पाठ्यक्रममा उल्लेख भएको)

- कार्यान्वयन गर्न सकिने
- उद्‌देश्य पूरा हुने प्रकारको
- स्थानीय स्तरमा प्रभावकारी रुपमा क्रियाकलाप गर्न सकिने
- विद्‌यार्थीले गरेर, देखेर, निरीक्षण तथा अवलोकन गरेर सिक्न सक्ने
- स्थलगत अध्ययन भ्रमणमा आधारित
- स्रोत व्यक्ति आमन्त्रण गर्ने
- विषयवस्तुमा आधारित
- पाठ्यपुस्तक निर्माण नभएको अवस्थामा पनि क्रियाकलाप गर्न सकिने
- छलफल, एप्रेन्टेसीप कार्यक्रम, स्थलगत भ्रमण, स्थानीय व्यकितसँग अन्तरक्रिया, विभिन्न कार्यक्रममा विद्‌यार्थी सहभागिता आदि ।

–प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५

# शिक्षण सिकाइ क्रियाकलाप तय गर्दा ध्यान दिनुपर्ने कुराहरु

- स्थानीय पाठ्यक्रम बनाउने क्रममा कुन उद्धेश्य पूरा गर्नका लागि कस्तो शिक्षण विधि वा शिक्षण क्रियाकलाप अपनाउँदा उपयुक्त हुन्छ त्यसको केही नमूनासमेत समावेश गरिनुपर्छ ।
- कस्तो विधि अपनाउने भन्ने कुरा उद्धेश्य, विषयवस्तुको प्रकृति विद्यार्थी संख्या कक्षाकोठाको वातावरण र व्यवस्थाका साथै शैक्षिक सामग्रीको उपलब्धता आदिमा भर पर्छ ।

# स्थानीय पाठ्यक्रममा सिकाइ क्रियाकलाप निर्धारण गर्दा ध्यान दिनुपर्ने पक्षहरु

- अवलोकन गराउने
- काममा नै लगाएर सिकाउने
- विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने
- उद्देश्य /सक्षमता /सिकाइ उपलब्धिमा आधारित
- फिल्ड वर्कमा आधारित
- स्रोत व्यक्ति आमन्त्रणमा जोड
- विषय तथा विषयवस्तुको प्रकृति अनुसार
- क्रियाकलापमा आधारित
- व्यक्तिगत सिकाइमा सहयोग पुर्‍याउने
- स्थानीय शैक्षिक सामग्री प्रयोग हुन सक्ने
- अन्तरक्रियात्मक र खोजमुलक
- सीप विकासमा जोड

# शैक्षिक सामग्री

- शिक्षण सिकाइ क्रियाकलापमा सहयोग पुर्‍याउने सामग्री
- सिकाइलाई प्रभावकारी बनाउने सामग्री
- विद्यार्थी केन्द्रीत सिकाइ क्रियाकलाप गर्न सहयोगी सामग्री
- सिकाइलाई दिगो र व्यवहारिक बनाउन सहयोग पुर्‍याउने सामग्री
- विद्‍यार्थीमा ज्ञान, सीप र अभिवृत्ति विकास गर्न सहयोग पुर्‍याउने सामग्री
- पाठ्‍यक्रमले राखेको उद्‍देश्य पूरा गर्न सहयोग पुर्‍याउने सामग्री
- पाठ्‍यक्रमले निर्धारण गरेको विषयवस्तुमा आधारित सामग्री आदि ।

# स्थानीय पाठ्यक्रममा शैक्षिक सामग्री निर्धारण

- स्थानीय ठाउँमा उपलब्ध हुने
- निशुल्क वा कम मूल्य पर्ने
- सके सम्म मूर्त
- उद्देश्य/सक्षमता/सिकाइ उपलब्धि पूरा गर्न सहयोग पुग्ने
- सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने
- विषय वा विषयवस्तुसँग सम्बन्धित
- विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित
- शिक्षक/स्रोत व्यक्ति/विद्यार्थीबाट निर्माण तथा सङ्कलन हुन सक्ने
- शिक्षक/स्रोत व्यक्ति/ विद्यार्थीले सहज रुपमा प्रयोग गर्न सक्न]

# ६. मूल्याङ्कन प्रक्रिया निर्धारण

- विद्‍यार्थीको सिकाइका बारेमा लेखाजोखा गर्ने कार्य
- निर्धारित उद्धेश्य प्राप्त भए नभएको जानकारी प्रदान गर्ने माध्यम
- निर्माणात्मक र निर्णयात्मक मुल्यांकन

# स्थानीय पाठ्यक्रममा मूल्यांकन प्रक्रिया तय गर्दा ध्यान दिनुपर्ने पक्षहरु

- कस्तो प्रकारको मूल्यांकन प्रक्रिया अबलम्बन गर्ने हो त्यसको खाका पाठ्यक्रममा नै उल्लेख गरिदिनुपर्छ ।(निर्माणात्मक वा निर्णयात्मक वा दुवै)
- निर्धारित उद्धेश्य विद्यार्थीको उमेर र विषयवस्तुको प्रकृतिको आधारमा मूल्यांकन प्रक्रिया निर्धारण गर्नुपर्ने ।
- उद्धेश्यको तह र मूल्यांकनको साधनले मापन गर्ने सिकाइको तहको बीचमा तालमेल मिलेको हुनुपर्छ ।
- तल्ला कक्षामा निर्माणात्मक मूल्याङ्कन र माथिल्ला कक्षामा निर्णयात्मक मूल्याङ्कन प्रणाली उपयुक्त मानिन्छ ।

# ७. पाठ्यभार/समय निर्धारण

- विषय वा विषयवस्तुको लागि पठनपाठन गर्न लाग्ने निर्धारित समय
- कुनै विषयको एक शैक्षिक सत्र भरीको लागि निर्धारित भार वा समय
- विषय वा विषयवस्तुको लागि निर्धारित क्रेडिट आवर

# पाठ्यभार निर्धारणको आधार

- विषय वा विषयवस्तुको गहनता
- विषयवस्तुको कठिनाइ स्तर
- सिकाइ क्रियाकलापको प्रकार/प्रकृति
- तह वा कक्षा
- विद्यार्थीको सिकाइस्तर
- सिकाइको तह(ज्ञान, सीप, अभिवृत्ति कस्तो हो?)
- उद्देश्य/सक्षमता/सिकाइ उपलब्धि

# स्थानीय विषयको पाठ्यभार

- स्थानीय विषय (कक्षा १-५) साप्तहिक पाठ्यभार ४, वार्षिक १२८ घन्टी, पूर्णाङ्क १००
- सामाजिक अध्ययन (कक्षा १-३) २० प्रतिशत, वार्षिक १८ घन्टी
- सामाजिक अध्ययन (कक्षा ४-५)२० प्रतिशत, वार्षिक ३२ घन्टी
- सिर्जनात्मक कला(कक्षा १-३) २० प्रतिशत, वार्षिक १६ घन्टी
- सिर्जनात्मक कला(कक्षा ४-५) २० प्रतिशत, वार्षिक १९ घन्टी
- शारीरिक शिक्षा (कक्षा १-३) २० प्रतिशत, वार्षिक १० घन्टी
- शारीरिक शिक्षा (कक्षा ४-५) २० प्रतिशत, वार्षिक १२ घन्टी
- स्थानीय विषय (कक्षा ६-८) साप्तहिक पाठ्यभार ५, वार्षिक १७५ घन्टी, पूर्णाङ्क १००

# स्थानीय पाठ्यक्रममा पाठ्यभार निर्धारण गर्दा ध्यान दिनुपर्ने पक्षहरु

- राष्ट्रिय पाठ्यक्रमले स्थानीय विषयलाई कति समय छुट्याइएको छ ?
- साप्ताहिक भारको आधारमा वर्षभरिमा कति घण्टी प्राप्त गर्न सक्छ निकाल्ने र सोहीको आधारमा कति विषयवस्तु राख्न सकिन्छ भनि निर्धारण गर्ने
- प्रत्येक एकाइ वा पाठका लागि कति समय चाहिन्छ छुट्याउने ।
- विद्यालय खुल्ने र पठनपाठन हुने दिन समेत निक्यौंल गरी शिक्षण सिकाइ र मूल्यांकनका लागि पाठ्यभार तय गर्ने ।

स्थानीय पाठ्क्रमको आवश्यकता/महत्त्व

- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न ।
- आय आर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुर्‍याउन ।
- स्थानीय ज्ञानलाई विश्वव्यापीकरण गर्न सहयोग पुर्‍याउन ।
- सामाजिक विभिन्नताअनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्न ।
- व्यक्ति/समूह/समाजको आवश्यकता बुझी तिनलाई पूरा गर्न ।
- स्थानीय महत्त्वपूर्ण चाडपर्व, स्थान विशेष, कला कौशल, व्यवसाय, घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र सम्बर्धन गर्न ।
- पाठ्यक्रमलाई बढी उपयोगी, सान्दर्भिक र आवश्यकतामुखी बनाउन ।
- स्थानीय तहका सरोकारवालाहरू र संस्थाको सक्षमता अभिवृद्धि गर्न । आदि

**स्थानीय पाठ्यक्रम निर्माणको औचित्य**

नीतिगत औचित्य : शैक्षिक विकेन्द्रीकरण, विद्यालयमा आधारित शैक्षिक व्यवस्थापन, विभिन्न पञ्चवर्षीय योजना र राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्था

कानूनी : मातृभाषामा आधारभूत शिक्षा दिने संवैधानिक व्यवस्था, शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था

सञ्चार माध्यममार्फत् प्राप्त गुनासा : पाठ्यक्रम समावेशी/स्थानीय सिप र प्रविधिलाई प्रवर्द्धन गर्ने/नेपाली विविधतालाई सम्बोधन गर्ने हुन सकेन, समुदायको संलग्नतालाई वेवास्ता गऱ्यो आदि ।

सिकाइ : विभिन्न जातजाति, भाषाभाषी र सिकाइ आवश्यकता भएका बालबालिकाको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न ।

विकेन्द्रीत : स्थानीय तहको सहायता विकास गर्न, जवाफदेहिता सिर्जना गर्न, विद्यालय र समुदाय बिच दोहोरो सम्पर्क स्थापित गर्न, विद्यालय व्यवस्थापनमा परिवर्तन ल्याउन ।

पेसागत : बालकेन्द्रीत शिक्षण सिकाइलाई प्रोत्साहित गर्न, मूल्याङ्कन र अनुगमनलाई प्रभावकारी बनाउन आदि ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १-३), २०६५ (कक्षा ४ र ५) ले स्थानीय पाठ्यक्रमका बारेमा गरेको व्यवस्था :

| क्र.सं. | विषय | केन्द्रले तोकेको विषयवस्तुको अंश | स्थानीय तहबाट तोक्ने विषयवस्तुको अंश |
|---|---|---|---|
| १. | स्थानीय विषय (स्थानीय तहबाटै छनोट हुने र एक विषय | - | १००% |
| २. | सामाजिक अध्ययन | ८०% | २०% |
| ३. | शारीरिक शिक्षा | ८०% | २०% |
| ४. | सिर्जनात्मक कला | ८०% | २०% |

**आवश्यकता पहिचान गर्दा अपनाउन सकिने प्रक्रिया**

- केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषय क्षेत्र र स्थानीय आवश्यकताका नभई नहुने विषय क्षेत्र तथा विषयवस्तु पहिचान गर्नका लागि उपलब्ध भएसम्म पाठ्यक्रमविद्, सम्बन्धित क्षेत्रका अभिभावक, समाजसेवी, विभिन्न पेसामा संलग्न व्यक्तिहरू, शिक्षक, विद्यार्थी, पूर्व विद्यार्थी, सामाजिक कार्यकर्ता, राजनीतिक व्यक्तिहरू, महिला, अपाङ्ग आदि सबैबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सुझाव सङ्कलन गर्ने ।
- समूहगत रूपमा छलफल गरी सबैभन्दा बढी प्राथमिकतामा परेको विषयवस्तु जुनले स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्दछ त्यस किसिमको विषय र क्षेत्रहरू छनोट गर्ने ।
- स्थानीय विषयलाई छुट्याइएको समयको परिधिभित्र रही तहगत र कक्षागत रूपमा राखिने विषयवस्तुहरूको लम्बिय र क्षितीय रूपमा समन्वय मिलाउनेतर्फ ध्यान दिने ।
- विषयवस्तुको छनोट तथा प्रस्तुत गर्दा सिकारुको सिकाइको गति तथा आवश्यकतालाई विशेष ध्यान दिने ।

**उद्देश्य निर्धारण गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरू**

- विद्यार्थीहरूको उमेर
- बालमनोविज्ञान
- बालबालिकाको सिकाइस्तर
- कक्षा/तह
- विषयवस्तुको प्रकृति आदि ।

**विषयवस्तु छनोट गर्ने प्रक्रिया**

विद्यालयको स्रोत र साधनलाई ध्यान दिएर विद्यार्थीको चाहना र आवश्यकताका एकभन्दा बढी विषयक्षेत्र पनि छनोट गर्न सकिन्छ । एकभन्दा बढी विषयक्षेत्र एउटा विद्यालयमा पठन पाठन गर्न सम्भव नभएमा त्यस समुदायले सबैभन्दा बढी आवश्यकता ठानेका विषयक्षेत्रको छनोट गरी त्यसैबाट विषयवस्तुको चयन गर्नुपर्दछ । विषयक्षेत्रको चयन गर्ने क्रममा व्यावसायिक, अर्धव्यावसायिक, व्यवसायोन्मुख, गैरव्यावसायिक कस्तो छनोट गर्ने हो, सोको आवश्यकता र स्रोत साधनका आधारमा व्यापक छलफल गर्नु पर्दछ ।

**हाम्रो देशमा स्थानीय विषयका सम्भावित क्षेत्रहरू**

व्यावसायिक क्षेत्र

कृषि : विभिन्न अन्नबालीहरू, चिया, सनपाट, उखु, कफी, अलैंची,फलफूल खेती ( सुन्तला, स्याउ, भुइँकटर, आँप, कटहर, लिची आदि) तरकारी खेती (काउली, मुला, साग, गोलभेँडा, सिमी, फर्सी, बैगुन (भान्टा), रामतोरिया, बन्दा, आलु, स्कुस, तरुल, अदुवा आदि)

पन्छी तथा पशुपालन : कुखुरा, हाँस, बाख्रा, भैंसी, गाई, भेडा, च्याङ्ग्रा, चौंरी आदि ।

उद्योग : घरेलु तथा कुटीर उद्योगहरू (ढाका, करुवा, खुकरी, डोको, डालो, सुकुल, गुन्द्री, मान्द्रो आदि बनाउने, घरेलु कपडा बनाउने, राडीपाखी, गलैंचा बनाउने, मैन बत्ती बनाउने, सिन्के धूप बनाउने, डकर्मी, सिकर्मीलाई तालिम) मझौला तथा ठूला उद्योगहरू आदि ।

पर्यटन : पर्यटन स्थलहरूको विकास, टुरिस्ट गाइड तालिम, होटल व्यवस्थापन ट्रेकिङ, पर्वतारोहण, राफ्टिङ आदि ।

व्यापार : स्थानीय स्तरमा उत्पादित सामानहरूको व्यापार ।

अन्य आर्यआर्जनका क्षेत्रहरू : जडीबुटी सङ्कलन तथा प्रशोधन, वैदेशिक रोजगार सम्बन्धी जानकारी र सिप विकास, कम्प्युटर तालिम, ड्राइभिङ, इलेक्ट्रोनिक्स, प्लम्बर, अटो वर्कसप, रेडियो, टिभी, मोबाइल सेट मर्मत आदि ।

अन्य क्षेत्र

भौगोलिक : स्थानीय परिवेशको धरातलीय स्वरूप, हावापानी, मौसम आदि ।

प्राकृतिक : स्थानीय परिवेशको वनजङ्गल रुखबिरुवा, खोला, नदी, ताल, पोखरी, जडीबुटी, जीवजन्तु, राष्ट्रिय निकुञ्ज आदि ।

सांस्कृतिक : स्थानीय चाडपर्व, वेषभूषा, रहनसहन, मेलापर्व, गीत, सङ्गीत, बाजा, कला, जात्रा, उत्सव, महोत्सव आदि ।

| | |
|---|---|
| ऐतिहासिक : | ऐतिहासिक स्थलहरू, वस्तुहरू, ऐतिहासिक व्यक्तित्वहरू, प्राचीन स्मारकहरू, स्थानीय समुदायको इतिहास, ऐतिहासिक ग्रन्थ आदि । |
| पुरातात्त्विक : | मठमन्दिर, पाटीपौवा, चैत्य, स्तूप, विहार, पुराना दरबार, शिलालेख, ताम्रपत्र आदि । |
| धार्मिक : | स्थानीय स्तरमा मनाइने विभिन्न धर्महरू, धार्मिक सहिष्णुता र सद्भाव, धार्मिक क्रियाकलाप, धार्मिक स्थल आदि । |
| जातजाति : | स्थानीय समुदायका आदिवासी, जनजाति, लोपोन्मुख जाति, दलित तथा पिछडिएका जाति र उनीहरूको रहनसहन, संस्कार आदि । |

भाषाभाषी : स्थानीय स्तरमा बोलिने भाषाभाषी र तिनीहरूको संरक्षण आदि ।

सामाजिक सङ्घसंस्था : स्थानीय स्तरका क्लब, सरकारी तथा गैरसरकारी एवम् समुदायमा आधारित सङ्घसंस्थाहरू आदि ।

राजनीतिक : स्थानीय निकायको संरचना (गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति स्थानीयस्तरका राजनीतिक दलहरू आदि ।)

शैक्षिक : स्थानीय स्तरका विद्यालय, क्याम्पस, साहित्य, पत्रपत्रिका, साक्षरता कार्यक्रम, शैक्षिक जागरण र चेतनासम्बन्धी कार्यक्रम आदि ।

स्वास्थ्य र सरसफाई : फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानी, शौचालय, ढल निकास, अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक उपचार, सामुदायिक स्वास्थ्य आदि ।

वातावरण : भूक्षय, वृक्षरोपण, प्राकृतिक प्रकोप, वनजङ्गल संरक्षण आदि ।

यातायात : ट्राफिक नियम, बाटोघाटोको निर्माण तथा संरक्षण, यातायातका साधनहरू ।

| विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| स्थानीय जातका तरकारीको परिचय | विभिन्न तरकारीको नाम | स्थानीय जातका तरकारीको सामान्य परिचय | स्थानीय तरकारीको परिचय | स्थानीय तरकारीको परिचय | स्थानीय स्तरमा नयाँ खेती गर्न सकिने तरकारीको परिचय |
| तरकारीको महत्त्व | स्वास्थ्य राम्रो हुने | स्वस्थ राम्रो हुने | स्वास्थ्य राम्रो हुने, आम्दानी हुने | तरकारी खेतीका फाइदा | तरकारी खेतीका फाइदा |
| तरकारी बालीमा लाग्ने रोग | आँखाले देखिने किराको प्रकोप | आँखाले देखिने किराको प्रकोप | स्थानीय तरकारी बालीमा लाग्ने रोग | स्थानीय तरकारी बालीमा लाग्ने रोग र रोकथाम | स्थानीय तरकारी बालीमा लाग्ने रोग र उपचार |

| | | | | | |
|---|---|---|---|---|---|
| तरकारीको बजार | स्थानीय तरकारी फल्ने र बिक्री गर्ने ठाउँको जानकारी | स्थानीय हाट बजारको परिचय | तरकारी बजार (कालिमाटी, नारायणगढ, पोखराको सामान्य जानकारी | माग हुने क्षेत्र र मागको महत्त्व | मूल्य निर्धारण गर्ने तरिका |
| कम्पोस्ट मल | कम्पोस्ट मलको चिनारी | कम्पोस्ट मलको चिनारी | कम्पोस्ट मलको महत्त्व | कम्पोस्ट मल निर्माण गर्ने तरिका | कम्पोस्ट मल निर्माण गर्ने तरिका |
| तरकारी खेती गर्ने तरिका | मल, बिउ, ज्यावलको परिचय | मल, बिउ, ज्यावलको परिचय | रोप्ने, गोड्ने र बाली उठाउने तरिका | तरकारी खेती गर्ने तरिका | तरकारी खेती गर्ने तरिका |
| अभ्यास/अवलोकन | तरकारी बारीमा काम गरेको हेर्ने अवलोकन भ्रमण | तरकारी बारीमा काम गरेको हेर्ने अवलोकन भ्रमण | किसान वा माथिल्लो कक्षामा विद्यार्थीलाई काममा सहयोग | तरकारीका बिरुवा उमार्ने, सार्ने, गोड्ने र तरकारी टिप्ने | तरकारीका बिरुवा उमार्ने, सार्ने, गोड्ने र तरकारी टिप्ने |

| विषय क्षेत्र | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | अनुमानित समय |
|---|---|---|---|---|
| स्थानीय जातका तरकारीको परिचय | विभिन्न तरकारीको नाम | रायो, चम्सुर, पालुङ्गो, काउली, बन्दाकोपी, मुला, आलु, पिँडालु, काँक्रा, फर्सी, घिरौंला, लौका, बोडी, सिमी, गोलभेँडा आदि । | तरकारी प्रदर्शन गरेर कक्षामा छलफल | ३० पिरियड |
| तरकारीको महत्त्व | स्वास्थ्य राम्रो हुने | हरिया सागपातको परिचय, रतन्धोको परिचय, रतन्धोको रोकथाम | हरिया सागपात प्रदर्शन, रतन्धोको अभिनय र छलफल | १३ पिरियड |
| तरकारी बालीमा लाग्ने रोग | आँखाले देखिने किराको प्रकोप | लाई, कमिला (राता) पतेरो, खुम्ले किरा, झुसिले किरा आदि । | तरकारी बारीमा किसानसँग छलफल | २० पिरियड |
| कम्पोस्ट मल | कम्पोस्ट मलको चिनारी | कम्पोस्ट मलको चिनारी | कम्पोस्ट मल प्रदर्शन गरी कक्षामा छलफल | १० पिरियड |
| तरकारी खेती गर्ने तरिका | मल, बिउ, ज्यावलको परिचय | मल : गोबर, बढ्कौंला, सुली, बिउ : रायो, मुला, काँक्रा, फर्सी, लौका, घिरौंला, आलु ज्यावल : कुटो, कोदाली, डल्लेठो | मल, बिउ, ज्यावल प्रदर्शन गरेर कक्षामा छलफल | १५ पिरियड |
| अभ्यास/अवलोकन | तरकारी बारीमा काम गरेको हेर्न अवलोकन भ्रमण | अवलोकन : छ पटक बिउ छरेको र बिरुवा सारेको गोडेको, बिरुवामा फल लागेको तरकारी टिपेको अवलोकन | तरकारी बारीको अवलोकन गराएर त्यहाँ कसरी काम गरिने रहेछ भनेर छलफल | ४० पिरियड |